# आकाशवाणी समाचार- नेपाली

मितिः २१ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालका राज्यपाल डॉ. सीवी आनंद बोसले हिझ शनिवार राज्यमा 3200 करोड़ रुपियाँको राष्ट्रीय राजमार्ग परियोजनाहरुको उद्घाटन गर्नुभयो।

- राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक मोहन राव भागवत आज कोलकाताको एकदिवसीय भ्रमणमा रहनुहुनेछ।

- इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ।

- आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) ले आगामी 23 दिसम्बरको दिन आफ्नो स्थापना दिवस पालन गर्ने भएको छ।

**राजमार्ग परियोजना- उद्घाटन**

पश्चिम बंगालका राज्यपाल डॉ. सीवी आनंद बोसले हिझ शनिवार राज्यमा 3200 करोड़ रुपियाँको राष्ट्रीय राजमार्ग परियोजनाहरुको उद्घाटन गर्नुभयो। यी परियोजनाहरुको उद्देश्य राज्यमा आर्थिक गतिविधिहरुलाई गति दिनु अनि पर्यटनलाई प्रोत्साहन दिनु हो। यो कार्यक्रम नदिया जिल्लाको ताहेरपुर स्थित नेताजी पार्कमा आयोजित गरियो। राज्यपालले नदिया जिल्लामा राष्ट्रीय राजमार्ग 34 को बराजागुली देखि कृष्णनगर सम्म 66.7 किलोमीटर लामो फोर लेन हिस्साको उद्घाटन गर्नुभयो अनि उत्तर 24 परगना जिल्लामा बारासात देखि बराजागुली सम्म राष्ट्रीय राजमार्गको फोर लेन विस्तारको आधारशिला पनि राख्नुभयो। प्रधानमंत्री नरेंद्र मोदीले यी विकास परियोजनाहरुको शिलान्यास अनि उद्घाटन गर्ने कार्यक्रम रहेको थियो तर घना कुहिरो अनि खराब दृश्यताको कारण उहाको हेलीकॉप्टर ताहेरपुरमा उत्रन सकेन। पछि उहाले कोलकाताबाटनै ऑडियो कॉलको मध्यम द्वारा सभालाई संबोधित गर्नुभयो । प्रधानमंत्रीको अनुपस्थितिमा राज्यपालले परियोजनाहरुको उद्घाटन गर्नुभयो । ऑडियो कॉलको मध्यम द्वारा सभालाई संबोधित गर्नुहुँदै प्रधानमंत्रीले भन्नुभयो कि अन्य राज्यहरुको तुलनामा पछाडिएको पश्चिम बंगालको सुदुरवर्ति इलाकाहरु सम्म आधुनिक कनेक्टिविटी पुर्याउने सरकारले निरंतर प्रयास गरिरहेको छ। यी परियोजनाहरु कोलकाता अनि सिलगडी बीच एक प्रमुख संपर्क मार्ग बन्नेछ। यसले यात्रा समयमा लगभग दुई घन्टाको कमी आउने छ अनि वाहनहरुको आवाजाही अधिक तेज अनि सुगम हुनेछ साथै राज्यको राजधानीको अन्य जिल्लाहरु अनि छिमेकी देशहरुसित संपर्क अझ बलियो हुनेछ। यी परियोजनाहरुले क्षेत्रमा आर्थिक विकासलाई प्रोत्साहन पुग्नेछ अनि पुरा इलाकामा पर्यटन गतिविधिहरुलाई नयाँ गति पुग्नेछ।

**मोहन भागवत**

राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक मोहन राव भागवत आज कोलकाताको एकदिवसीय भ्रमणमा रहनुहुनेछ। उहाँ शहरको साइंस सिटी परिसरमा आयोजित कार्यक्रममा सामेल हुनुहुनेछ जहां संघको शताब्दी वर्षको अवसरमा दुई महत्वपूर्ण संबोधन दिनुहुनेछ। यी संबोधनहरुमा मोहन भागवतले संघको एक सय बर्षको सामाजिक यात्रा, व्यक्ति निर्माण द्वारा राष्ट्र निर्माणको सोच अनि एकजुट समाजको मध्यम द्वारा बलियो भारतको लक्ष्य माथि आफ्नो विचार रख्नुहुनेछ। कार्यक्रमको अवधि उहाले कोलकाताको प्रबुद्ध वर्ग सित पनि भेट गर्नुहुनेछ अनि समसामयिक विषयहरु माथि संवाद गर्नुहुनेछ। शताब्दी वर्ष अन्तर्गत देश

भरिमै यस्तो आयोजनहरु भैरहेको संघको दक्षिण बंगालका सह प्रचार प्रमुख बिप्लॉय रायले बताउनुभयो। कोलकाताको यो कार्यक्रम पूर्वी भारतमा संघको वैचारिक अनि सामाजिक भूमिकालाई अघि राख्ने दिशामा बिशेष मानिंदैछ।

## ह्वाट्सएपको ह्याकिङ चेतावनी

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ।मन्त्रालयका अनुसार साइबर अपराधीहरुले ह्वाट्सएपको डिभाइस लिंकिङ फिचरमार्फत पेयरिंग कोड प्रयोग गरेर बिना कुनै प्रमाणिकरण अकाउन्ट ह्याक गरिरहेका छन्। यो धोखाधडी सामान्यतया तब सुरु हुन्छ जब तपाईंलाई ज्ञात नम्बरबाट फोटो पठाइन्छ र यसलाई हेर्न अपील गर्ने सन्देश प्राप्त हुन्छ। यस सन्देशमा एक लिंक समावेश छ, जुन फेसबुक जस्तो पूर्वावलोकनको साथ आउँदछ र फोन नम्बरसँग सम्बन्धित प्रमाणिकरण प्रक्रियामा जान्छ।मन्त्रालयले भनेको छ, 'यो विधिमा साइबर अपराधीले पासवर्ड वा सिम साटासाट नगरी पीडितको ह्वाट्सएप खातामा पूर्ण पहुँच प्राप्त गर्दछ। मन्त्रालयले मानिसहरूलाई शंकास्पद लिंकहरूमा क्लिक नगर्ने र बाह्य साइटहरूमा आफ्नो फोन नम्बर कहिल्यै नहाल्ने सल्लाह दिएको छ।

## विश्व ध्यान दिवस

आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ। संयुक्त राष्ट्र महासभाले गत वर्ष 21 दिसंबरमा 'विश्व ध्यान दिवस' मनाउने घोषणा गरेको थियो। यो तिथि उत्तरी गोलार्धमा शीतकालीन संक्रांतिलाई ध्यानमा राख्दै चुनीएको हो र यो आत्मनिरीक्षण अनि आंतरिक शांतिको प्रतीक हो। यसै बीच, भारतीय आध्यात्मिक गुरु श्री श्री रवि शंकरले न्यूयॉर्क स्थित संयुक्त राष्ट्र मुख्यालयमा "वैश्विक शांति अनि सद्भावको लागि ध्यान" कार्यक्रमको अवधि एक ध्यान सत्रको नेतृत्व गर्नुभयो। युद्ध क्षेत्रमा भगवान कृष्ण द्वारा अर्जुनलाई दिनुभएको ध्यान योगको उपदेश बारे उल्लेख गर्दै उहाले भन्नुभयो – आजका मनुष्यको लागि परिस्थितिहरु कुनै युद्धक्षेत्र भन्दा कम्ति छैन किनभने समाजमा विभिन्न मुद्दाहरु युद्धको स्थिति भन्दा कम्ति छैन। भगवान कृष्णको उपदेशहरुको उदाहरण दिंदै उहाले भन्नुभयो कि यूक्रेनमा आठ हजार सैनिक लड़ाकुहरु अंधकार अनि निराशामा डूबेका थिए तर उनुहरुले ध्यान गरे अनि शांति प्राप्त गरे।

## वन्यजीव- अंगतस्करी

नेपाल देखि भारतमा लुकिछिपी वन्यजीवहरुको अंगहरुको तस्करीको ठुलो सडयन्त्रलाई समयमानै वनकर्मिहरुले विफल पारेका छन्। हिज वन विभागको घोषपुकुर रेंजको दलले नेपाल नंबरको एउटा वाहनबाट लगभग एक किलो वजनको हाथीको दांत फेला परेको छ। यस मामलामा दुई जना तस्करहरुलाई पक्राउ गरेको छ। सूत्रहरु अनुसार, गुप्त सूचनाको आधारमा वनकर्मिहरुले नेपाल देखि आईरहेको एक कारलाई पीछा गर्दै बागडोगराको बिहार मोड़को फ्लाईओवरमा वाहनलाई रोकेर जांच गर्दा एक बैगबाट एक किलो वजनको हाथीको दांत जफत गरे। घोषपुकुर रेंजर साम्यब्रत साधुले बताए अनुसार पुरा मामलाको गहन जांच गरिंदैछ। आज दुवै आरोपिहरुलाई सिलगडी अदालतमा पेश गरिनेछ।

## स्थापना दिवस (आईजीजेएफ)

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) ले आगामी 23 दिसम्बरको दिन आफ्नो स्थापना दिवस पालन गर्ने भएको छ। आईजीजेएफ केन्द्रिय कार्यकारिणी सदस्य एनबी खवासले भन्नुभयो - पार्टीले आफ्नो पहिलो स्थापना दिवस गत वर्ष 22 दिसम्बरमा पालन गरेको थियो। दोस्रो स्थापना दिवस पनि 22 दिसम्बरकै दिन पालन गर्ने तय गरिएको, तर पार्टीको केन्द्रिय संयोजक अजय एडवर्ड्सको जलपाइगढी सर्किट बेन्चमा सुनवाई प्रस्तावित छ। त्यस दिन उहाँ व्यक्तिगत रूपमा न्यायालयमा उपस्थित हुनुपर्ने भएकाले पार्टीले 23 दिसम्बरमा स्थापना दिवस पालन गर्ने निर्णय लिएको उहाले बताउनुभयो। उहाले पत्रकारहरुलाई सम्बोधन गर्दै भन्नुभयो हामीले पार्टीको स्थापना दिवस खुल्ला मैदानमा वृहत रूपमा पालन गर्ने सोच बनाएका थियौं। तर, गत 4 अक्टोबरमा आएको प्राकृतिक आपदाले धेरै जनधनको नोक्सान भएको छ। यसको पीडा आजसम्म पहाडवासीहरूले भूल्न सकेका छैनन्। यी सबै विषयहरूलाई ध्यानमा राख्दै शहरको गोर्खा दु:ख निवारक सम्मेलन भवनमा बिहान 11 बजी सामान्य रूपमा स्थापना दिवस पालन गरिने छ। उहाले पहाडका गाडी चालकहरूका समस्यालाई विशेष ध्यानमा राख्दै शहरको मोटर स्टयाण्डमा स्थापना दिवस समारोहको आयोजन नगर्ने निर्णय लिएको पनि अवगत गराउनुभयो।

**सोनादा पचेङ समष्टि**

सोनादा पचेङ समष्टि अन्तर्गत कालु बस्तीमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख संयोजक अजय एडवर्ड्सले जेसीबी दिएर आफ्नो आश्वासन पूरा गरेका छन्। स्थानीय सडक अत्यन्तै जीर्णावस्थामा पुग्दा पनि प्रशासनबाट कुनै ध्यान नदिएपछि जेसीबी र अन्य सहयोगको व्यवस्था गरिदिएकोमा स्थानीयवासीहरूले अजय एडवर्ड्सप्रति आभार व्यक्त गरेका छन्। जेसीबीको प्रयोग सडक मर्मत र ब्याक कटिङ आदि कार्यमा गरिने बताइएको छ, जसले स्थानीय बासिन्दाहरूलाई तत्काल राहत पुग्ने अपेक्षा गरिएको छ।

**मौसम विज्ञान विभाग (आईएमडी)**

मौसम विज्ञान विभाग (आईएमडी)- बताए अनुसार पश्चिम बंगालमा आगामी पाँच दिनसम्म मौसम शुष्क रहनेछ। यस अवधिभरि न्यूनतम तापमानमा ठूलो परिवर्तन आउने कुनै सम्भावना छैन। त्यसको दुई दिनपछि भने न्यूनतम तापमानमा लगभग दुई डिग्री सेल्सियस ह्रास दर्ता हुनसक्छ। आईएमडीको बुलेटिन अनुसार आज राज्यका सबै जिल्लाहरूका एक-दुई ठाउँमा हल्का कुहिरो लाग्नसक्छ। हिज पहाड़ी क्षेत्रहरूमा जाड़ोको प्रभाव स्पष्ट रूपमा देखियो। दार्जीलिङमा न्यूनतम तापमान 5.8 डिग्री सेल्सियस अनि कालेबुङमा 11 डिग्री सेल्सियस दर्ता गरियो। उत्तर बंगालाको मैदानी भागहरूमा अलिपुरद्वारमा सबैभन्दा कम न्यूनतम तापमान 10 डिग्री सेल्सियस रेकर्ड गरियो। त्यसपछि पुरूलियामा 11 डिग्री सेल्सियस न्यूनतम तापमान दर्ता भयो। राज्यको राजधानी कोलकातामा न्यूनतम तापमान 16.2 डिग्री सेल्सियस रह्यो। मौसम विभाग अनुसार आगामी दिनमा बिहान-बेलुकी जाड़ोको प्रभाव बढ़्नसक्छ भने दिउँसो मौसम शुष्क रहने सम्भावना छ।

****** ० ******